बैठक संख्या:

श्री

आज मिति २०८३ साल बैशाख २४ गते बिहान ७:३० बजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री बाबुराम पौडेल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | श्री पुष्कर काफ्ले, वरिष्ठ प्रशासकीय अधिकृत | |
| २९. | | श्री विष्णुलाल पुरी, वरिष्ठ लेखा अधिकृत | |
| ३०. | | श्री कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौ | |

प्रस्तावहरु

१. "बर्दघाट नगरपालिकाको दलित समन्वय समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३"
२. सार्वजनिक विद्यालय तह मिलान तथा शिक्षक व्यवस्थापन मापदण्ड -२०८३ स्वीकृत सम्बन्धमा।
३. दरवन्दी कायम गर्ने सम्बन्धमा ।
४. वृत्ति मार्गनिर्देशन सेवा इकाइ स्थापना सम्बन्धमा ।
५. "घ" वर्गको इजाजतपत्र सम्बन्धमा ।
६. बजेट अनुमोदन तथा बाँडफाँड सम्बन्धमा ।
७. प्रदेशस्तरी सडकको मापदण्ड सम्बन्धमा ।
८. योजना तथा कार्यक्रम (ठेक्का र उपभोक्ता समिति) को म्याद थप सम्बन्धमा ।
९. आय ठेक्का सम्बन्धमा ।
१०. आगामी आर्थिक वर्ष २०८३/०८४ को कार्यतालिका, मार्गदर्शन र बजेट सिलिङ्ग सम्बन्धमा ।
११. नगर अस्पतालको नामाँकरण सम्बन्धमा ।
१२. विविध ।
    क) "बर्दघाटमा गुणस्तरीय शिक्षा र सक्रिय नागरिकता" कार्यक्रमको प्रस्ताव सम्बन्धमा ।
    ख) तथ्याङ्क संकलनको पारीश्रमिक सम्बन्धमा ।
    ग) PMIS वेभ वेस अनलाइन सफ्टवेयर जडान तथा अपडेट सम्बन्धमा ।
    घ) दरवन्दी स्थानान्तरण सम्बन्धमा ।
    ङ) सहमति कार्यान्वयन सम्बन्धमा ।
    च) नगर प्रहरीको पद समायोजन सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरि देहाय वमोजिमको निर्णय गरियो ।

निर्णय नं. १

- विधेयक समितिबाट दफावार छलफल भई आएको **"बर्दघाट नगरपालिकाको दलित समन्वय समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३"** स्वीकृत गर्ने ।

प्रस्ताव नं. २

- बर्दघाट नगरपालिकाको तह, दरबन्दी मिलान र विद्यालयको वर्गीकरण गर्न गठित समितिले सिफारिस गरे बमोजिम **"सार्वजनिक विद्यालय तह मिलान तथा शिक्षक व्यवस्थपान मापदण्ड -२०८३"** स्वीकृत गर्ने।

निर्णय नं.३

- नगर शिक्षा समितिको मिति २०८१/१२/२० गतेको सिफारिसअनुसार नगरभित्रका विद्यालयहरूमा काम काजमा रहेका शिक्षकहरूको दरबन्दी मिलान तथा पदस्थापन सम्बन्धमा तपसिलअनुसार गर्ने।

| क्र.सं. | शिक्षकको नाम/थर | संकेत नं. | दरबन्दी रहेको विद्यालय | कामकाजमा रहेको विद्यालय | तह | श्रेणी | स्थायी/ राहत | विषय | सरुवा / दरबन्दी कायम गरिएको विद्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | राजकिशोर चौधरी | | नवजीवन मावि, बर्दघाट-४ | नित्यानन्द माध्यमिक विद्यालय, बर्दघाट-१२ | माध्यमिक | | राहत | विज्ञान | वाल्मीकि माविमा, बर्दघाट-१ मा दरबन्दी सहित सरुवा गर्ने |
| २ | सुरेश प्रसाद बानिया | ५०३६२ | बाल्मीकि मावि बर्दघाट-१ (नगरपलिकामा पुलमा देखिएको) | नित्यानन्द रत्नकुमारी माध्यमिक विद्यालय, बर्दघाट-१२ | प्राथमिक | द्वितीय | स्थायी | | जयन्ती आवि, बर्दघाट-१२ मा दरबन्दी सहित सरुवा गर्ने |
| ३ | लिला कुमारी न्यौपाने | ५९५३३ | जयन्ती आवि, बर्दघाट-१२ | पशुपति आवि, बर्दघाट-१४ | प्राथमिक | द्वितीय | स्थायी | | पशुपति आवि, बर्दघाट-१४ मा दरबन्दी सहित सरुवा गर्ने |

निर्णय नं.४

- दिगो तथा सम्मानित रोजगारिका लागि सिप परियोजना (ENSSURE) अन्तर्गत यस बर्दघाट नगरपालिकाको कार्यालयमा वृत्ति मार्गनिर्देशन सेवा इकाइ स्थापना गर्ने ।

निर्णय नं ५

- "घ" वर्गको निर्माण व्यावसायी ईजाजतपत्रका लागि प्राप्त निवेदनका सन्दर्भमा तपसिल बमोजिमको निवेदकबाट निवेदन साथ पेश गरिएका कागजातहरु बर्दघाट नगरपालिकाको "घ" वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा २ अनुसूची-५ वमोजिम तोकिएका मापदण्ड पुरा गरी इजाजतपत्र प्रदान गर्न प्राविधिक समितिबाट भएको सिफारिस बमोजिम देहायका फर्मलाई नियमानुसार "घ" वर्गको इजाजतपत्र उपलव्ध गराउने निर्णय गरियो ।

तपशिल

| सि. नं | फर्मको नाम र ठेगाना | प्रोप्राइटरको नाम | प्राविधिक सिफारिस | कै |
|---|---|---|---|---|
| १ | श्री सि. टि. आर. कन्स्ट्रक्सेन एण्ड सप्लायर्स<br>बर्दघाट-०९, नवलपरासी | टकबहादुर छन्त्याल सहित | मिति २०८२/१२/१० | |

निर्णय नं. ६

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **दलित महिला तथा जेष्ठ नागरिक सचेतना कार्यक्रम** शीर्षकमा (ब.सि.नं ८९८) मा छुट्टाईएको बजेट रु १,५०,०००/- (रुपैया एक लाख पचास हजार मात्र) रकम मध्येबाट सोही क्षेत्रमा कार्य गर्न देहाय वमोजिम वाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | उदघोषण तालिम कार्यक्रम | १२ | ५०,०००.० | सहभागिता कार्यक्रम | |

ख) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत सङ्घीय सरकारबाट प्राप्त रु. ४,७२,०००/- (सि. नं. ९७० आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धन शसर्त अनुदान) र मेडपा कार्यक्रम अन्तर्गत रु ५,५०,०००/- (सि नं ५५ लघू उद्यमीहरुको स्तरोन्नतीका लागि पुनर्ताजगी तथा एडभान्स सिप विकास तालिम आन्तरिक श्रोत) लागतसाझेदारी गरी जम्मा रु. १०,२२,०००/- को संयुक्त कोषबाट मेडपा (MEDPA) मोडेलमा **'पुनर्ताजगी तथा एड्भान्स सीप विकास तालिम'** सञ्चालन गर्न रोजगार संयोजक र उद्यम विकास सहजकर्ताले संयुक्त रूपमा पेश गरेको लागत अनुमान (Estimate) र कार्यतालिका स्वीकृत गर्ने ।

निर्णय नं ७

- लुम्बिनी प्रदेश सरकारले प्रदेशमा निर्माणाधिन सडकहरुको प्राथमिकता निर्धारण र निर्माणमा गुणस्तरीयता एवम् सडकको प्रभावकारिता बढाउन प्रकाशन गरेका देहायका सडकहरुको भौगोलिक अवस्था पुनरावलोकन गर्नु पर्ने देखिएकोले लुम्बिनी प्रदेशको **प्रदेश सडक ऐन, २०७७ को दफा (३)** मा उल्लिखित सडक सीमाको मापदण्डबाट धेरै बस्ति तथा घरहरु प्रभावित हुने देखिएकोले तपसिल वमोजिमको सडकमा स्थलगत अध्ययन गरी कम क्षति हुने गरी सोही दफाको प्रावधान वमोजिम निम्नानुसारको सडक सीमाको मापदण्ड देहाय वमोजिम पुनरावलोकन गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने ।

तपसिल

१. चिसापानी -मझौनि सडकको मध्य भागबाट दायाँ ७.५ मि. र वायाँ ७.५ मि. गरी जम्मा चौडाइ १५ मिटर

२. वडा नं १२ को भटौलियादेखि जिमिरेभार चोक -बेलहानी चोक- हुदै वडा नं ७ को सिमाना- कुकुरमाराहुदै बरुवा सडकको मध्य भागबाट दायाँ ५ मि. र वायाँ ५ मि. गरी जम्मा चौडाइ १० मिटर

निर्णय नं. ८

- निर्माण सामाग्रीको सहज उपलव्धतामा वाधा पुगी समयमानै निर्माणका कार्य सम्पन्न गर्न कठिनाइ भएकोले चालु आ.व मा ठेक्का प्रकृयामार्फत सञ्चालन भएका योजनाहरु निर्माण सामाग्री अभाव तथा चर्को मूल्य वृद्दिका कारण तोकिएको समयमा कार्य सम्पन्न नहुने देखिएकोले म्याद थपको लागि सम्बन्धित निर्माण व्यावसायीबाट निवेदन पेश भएकोमा कार्यालयको निर्देशनअनुसार बैंक ग्यारन्टी अद्यावधिक गरी पेश गरेका

तपसिलमा उल्लेख भए बमोजिमका ठेक्काको म्याद थप देहायअनुसार थप गर्ने र विभिन्न उपभोक्ता समितिबाट समेत निवेदनहरु प्राप्त भएकोमा ०८३ आषाढ १० गते सम्म म्याद थप गर्ने ।

| क्र.स | ठेक्का नं | योजनाको नाम | कम्पनीको नाम | काम शूरु मिति | शुरु सम्झौता अनुसार सम्पन्न गर्नु पर्ने मिति | हाल म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | ७०/०८२/८३ | पल्ली चोकदेखी पश्चिम जाने बाटो कालोपत्रे र ब्लक नं .२ बाटो कालोपत्रे, वडा नं २ को कार्य | श्री सि लाइट कन्स्ट्रक्सन एण्ड सप्लायर्स मध्यपुर ठिमी ३-, भक्तपुर | ०८२/०९/१४ | ०८२/१२/३० | ०८३/०३/१० |
| २ | ४०/०८२/८३ | भानुनगर पूर्व जाने बाटो स्तरिकरणकार्य | मानुसी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. बर्दघाट, नवलपरासी | ०८२/१०/४ | ०८२/१२/३० | ०८३/०३/१० |
| ३ | १०/०८२/०८३ | कृषि तथा पशुपन्छी सेवा विस्तार भवन निर्माण, बर्दघाट वडा नं - | रामग्राम कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा .लि. रामग्राम५ नवलपरासी | ०८२/१०/२६ | ०८३/०१/१५ | ०८३/०३/१० |
| ४ | १८/०८२/०८३ | हरियालीनगर टोलको नाला तथा बाटो स्तरिकरण बर्दघाट-४ | जयसवाल ब्रदर्स कन्स्ट्रक्सन बर्दघाट-१२ नवलपरासी | ०८२/१०/२७ | ०८३/०१/३१ | ०८३/०३/१० |

निर्णय नं ९

- आगामी आर्थिक वर्ष २०८३/०८४ मा यस नगरपालिका अन्तर्गत रहेका विभिन्न हाटबजार, पाडाबजार, बर्दघाट बसपार्क र कवाडी करको वहाल विरौटी कर असुल उपर गर्ने सन्दर्भमा राजश्व परामर्श समितिबाट भएको सिफारिस बमोजिम देहायअनुसार चालु आर्थिक वर्ष २०८२/०८३ मा सम्झौता भएको रकमलाई न्युनतम कवोल अँक कायम राख्ने र जमुनिया पाडा बजारको हकमा चालु आ.व. मा गत विगत आ.व को तुलनामा अस्वाभाविक रुपमा वढी कवोल अँक रु १,३९,९९,९९९.४ पेश भै सोही अनुसारको दरमा सम्झौता भएकोले उक्त सम्झौता अंकलाई न्युनतम कवोल अँक कायम राख्दा ठेक्का जान नसक्ने देखिएको हुँदा विगत ३ वर्षको ठेक्का रकमको आधारमा कायम हुने औषत अंक रु ९८,९३,५०२.३९ लाई न्युनतम कवोल अँक कायम गरी विद्युतिय बोलपत्र मार्फत आय ठेक्का सञ्चालनको लागि बोलपत्र आव्हान गर्न ।

| क्र.स. | आय ठेक्काको नाम | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ३ वर्षको जम्मा | कायम गर्नु पर्ने दररेट |
|---|---|---|---|---|---|---|

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | भटौलिया हाटबजार सनीवारे र बुधवारे वर्दघाट१२ - {शौचालय समेत} | ८४१२४८.८ | ९३२७३२.४ | १००५७००.० | | १००५७००.० |
| २ | शुक्रवारे साप्ताहिक हाटबजार वर्दघाट ४ - {शौचालय समेत} | ८३७०००.० | ९९५५३०.० | १०२००००.० | | १०२००००.० |
| ३ | अइतवारे साप्ताहिक हाटबजार वर्दघाट१४ - | २११२००.० | २५१००५.७७ | ३०६५००.० | | ३०६५००.० |
| ४ | शनीवारे साप्ताहिक हाटबजार वर्दघाट १४ - को | ३७५०००.० | ५०५५५५.० | ६६००००.० | | ६६००००.० |
| ५ | विहिवारे साप्ताहिक हाटबजार वर्दघाट ४- वाढीपिडितको | ८५८००.० | १[illegible]२०००.० | | | १४२०००० |
| ६ | बुधवारे साप्ताहिक हाटबजार वर्दघाटपृथ्वी १५- वस्तीको | ७२६००.० | ९६६७७.० | ११७५००.० | | ११७५००.० |
| ७ | मंगलबारे पाडाबजार (लोडिङ्ग समेत) बर्दघाट, १३ | ७४५९१३०.० | ८२०२१३७७.७७ | १३९९९९९९.४ | २९६८०५०७.१७ | ९८९३५०२.३९ |
| ८ | सोमबारे साप्ताहिक हाजबजार माकर१' | ३५३०००.० | ४७६८३०.० | ५७७०००.० | | ५७७०००.० |
| ९ | बर्दघाट बसपार्क पार्किङ्ग शुल्कको {शौचालय समेत} | ९३२२५०.० | १६१६६६६. | १६२००००.० | | १६२००००.० |
| १० | आइतवारे साप्ताहिक हाजबजार बर्दघाट ९' भूताहा, | ११०५१९६.५ | १२४०७४०.० | १३९८५००.० | | १३९८५००.० |
| ११ | कवाडी कर | १२१८१४०.० | २१४७०००.९९ | २२८२६००.० | | २२८२६००.० |
| १२ | वुधवारे साप्ताहिक हाजबजार बर्दघाट २' चिसापानी,{शौचालय समेत} | ७१८४१४.४५ | ११९८९३०.० | १२०००००.२४ | | १२०००००.२४ |

निर्णय नं. १०

- बर्दघाट नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ मा वार्षिक नगर विकास योजना तर्जुमा गर्ने सन्दर्भमा राजश्व परामर्श समितिको सिफारिसमा गरिएको आन्तरिक आयको प्रक्षेपण, संघीय सरकार तथा प्रदेश सरकारबाट विभिन्न शिर्षकमा प्राप्त बजेट सिलिङ्ग, विभिन्न विषयगत समितिको वैठकबाट भएको सिफारिस तथा मिति २०८३/०१/२१ को श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको वैठकको सिफारिस समेतको आधारमा देहायअनुसारको योजना तर्जुमा सम्बन्धी मार्गदर्शन, योजना प्राथमिकिकरणको आधार, वडागत तथा विषयगत बजेट सिलिङ्ग समेत पारित गर्ने निर्णय गरियो ।

तपसिलः

| आ.व ०८१।०८२ को यथार्थ, ०८२।०८३ संसोधित अनुमान र आ.व. ०८३।०८४ राजस्व अनुमान | | | | | | |
|---|---|---|---|---|---|---|
| क.स. | राजस्व संकेत | राजस्व शीर्षक | ०८१/०८२ को यथार्थ | ०८२/०८३ को चैत्र मसान्त सम्मको आम्दानी | ०८२/०८३को संसोधित अनुमान | ०८३/०८४ को अनुमान |
| १ | ११३१३ | सम्पती कर | १९८२४४४ | १८१९४०८ | ३२७७३९० | ४०००००० |
| २ | ११३१४ | भुमीकर/मालपोत | १६७२२०७९ | १७६२८३९५ | २२०००००० | २२०००००० |
| ३ | ११३१७ | बहाल कर | ८०६९०३५ | ५७८४२९१ | ७१२९६८५ | १००००००० |
| ४ | ११३१८ | बहाल विटौरी कर | १४३१३२७० | ११७४६१७० | २०००००००| २०९९०००० |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ४६६९५० | ५१६१५० | ३००००० | ५००००० |
| ६ | ११४५२ | पुर्वाधार उपयोगमा लाग्ने कर | ० | ८४००० | ५०००० | १००००० |
| ७ | ११४७९ | अन्य मनोरञ्जन कर | ० | ० | ० | ० |
| ८ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ७३१२२८ | ३४४९२५ | ४१०४६० | १००००० |
| ९ | ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ११०० | ४४०० | ९६०० | ५००० |
| १० | ११६९१ | अन्य कर | ८५४५७ | ७२५८ | ७४८८ | १०००० |
| ११ | १४१५१ | सरकारी सम्पतीको बहालबाट प्राप्त रकम | ३५९३७५ | ३६३२५ | ७६८० | ३००००० |
| १२ | १४२१२ | सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | १२९४४५ | ० | ० | १००००० |
| १३ | १४२१३ | अन्य विक्रीबाट प्राप्त रकम | २०० | ० | ० | ५००० |
| १४ | १४२१९ | अन्य सेवा शुल्क तथा विक्री | १६२०० | ११०० | २६४० | १००००० |
| १५ | १४२१८ | विद्युत सेवा शुल्क | १००० | ० | ० | ० |
| १६ | १४२२१ | न्यायिक दस्तुर | २४०५० | १०१०० | १०८०० | ३५००० |
| १७ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ५८७०० | ४५२०० | ३६९६० | ४०००० |
| १८ | १४२२४ | परिक्षा शुल्क | १९००० | ३७८०१ | ५०००० | ३०००० |
| १९ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १११६९८० | ७०८५७० | ६१६७२८ | ६००००० |
| २० | १४२४२ | नक्सापास दस्तुर | ८७३९६७६ | ३२२६२६९ | ४०१६७३० | ४४००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | १४२४३ | सिफारिस दस्तुर | १५३९०७४९ | ११५४४७३७ | १४७२९९६६ | १५००००० |
| २२ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३३१०००० | १८१०५०० | १५००००० | १५००००० |
| २३ | १४२४५ | नाता प्रमाणित दस्तुर | ४५६९१० | ३६९७२० | ४४७४०८ | ४३०००० |
| २४ | १४२४९ | अन्य दस्तुर | २७६६२७७ | २०९११४० | २५१८११७ | २३००००० |
| २५ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ४२५४६ | ६४७५ | १५५४० | ५०००० |
| २६ | १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | १४०० | ० | ० | ५००० |
| २७ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | १०४१७३४ | ४०९६०० | ५९१८४० | ९००००० |
| २८ | १४५२९ | अन्य राजश्व | ७२५०४० | २४४०० | २३०४० | २००००० |
| २९ | १४६११ | व्यवसाय कर | ४३९०२५० | ३५५२९२५ | ५४१३३८० | ६०००००० |
| ३० | १५१११ | बेरुजु | ३४६५७५ | ४४१९९३ | १००००० | ३००००० |
| | | | ८१३०७६७० | ६२२५१८५४ | ८३२६५४५३ | ९०००००० |
| जम्मा | क | जम्मा | | | | |
| | 2 | राजश्व बाँडफाँड | | | | |
| | २.१ | मूल्य अभिवृद्दि कर | ८९४३१७७१ | ६५७९८००० | ९०००००० | ९०००००० |
| | २.२ | अन्त शुल्क | ३८६०८६६५ | ३१९९७००० | ४५००००० | ४५००००० |
| | 2.3 | प्राकेतिक श्रातको रोयल्टी बन | २७६३६३५ | २७८९००० | ३०००००० | ४५००००० |
| | 2.4 | विज्ञापन कर | ० | ० | ० | 500000 |
| | | मनोरन्जन कर | | | | ४००००० |
| | २.५ | नदिजन्य पदार्थ | १७२७७९ | ० | ० | ० |
| | २.६ | घर जग्गा रजिष्ट्रेशन | ४०९५९८६३ | ३२२७५००० | ५००००००० | ५००००००० |
| | २.७ | सवारी साधन कर | १४५६४०५१ | १०५१०००० | १४४२७००० | १५८११००० |
| | ख | जम्मा | १८६५००७६४ | १४३३६९००० | २०२४२७००० | २०६२११००० |
| | | अन्य आय लागत सहभागिता | ३६८६५७३ | ४२६७००० | ५०००००० | ५०००००० |
| | 3 | गत वर्षको मौज्जात | ४७०५०६३९ | ० | ४७०५०६३९ | ५००००००० |
| | ग | जम्मा | ५०७३७२१२ | ४२६७००० | ५२०५०६३९ | ५५०००००० |
| | | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | | | |
| | ४ | नेपाल सरकार बाट प्राप्त हुने | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अनुदान | | | | |
| | ४.१ | वित्तिय समानीकरण अनदुान | १५५७१६७२० | ८३९००००० | १७०००००० | १७०००००० |
| | ४.२ | शशर्त अनुदान | ३०९४५१२२० | २१२५००००० | ३२२५००००० | ३२२५००००० |
| | ४.३ | समपुरक अनुदान | १२१५०००० | ७५७५००० | ३०३००००० | ३०३००००० |
| | ४.४ | विशेष अनुदान | ० | ४१००००० | १६४००००० | १६४००००० |
| | घ | **जम्मा** | ४७७३१७९४० | ३०८०७५००० | ५३९२००००० | ५३९२००००० |
| | ५. | प्रदेश सरकार बाट प्राप्त हुने | | | | |
| | ५.१ | वित्तिय समानीकरण अनदुान | १२०२०००० | ५८६९००० | ११७३८००० | ११८४०००० |
| | ५.२ | शशर्त अनुदान | ८७१५००० | ३९६०००० | १२०००००० | १२०००००० |
| | ५.३ | समपुरक अनुदान | ७८७५००० | ३९६०००० | १२०००००० | १२०००००० |
| | ५.४ | विशेष अनुदान | १५००००० | ० | ० | १५००००० |
| | ङ | | ३०११०००० | १३७८९००० | ३५७३८००० | ३७३४०००० |
| | | | ८२५९७३५८६ | ५३१७५१८५४ | ९१२६८१०९२ | ९२७७५१००० |

## सञ्चित कोषबाट विनियोजित रकम

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | **जम्मा** |
|---|---|---|---|---|
| **१** | **नगरकार्यपालिका** | | | |
| १.१ | सञ्चालन खर्च( न.पा.र वडा समेत) | १६०००००००।० | १०००००००।० | १७०००००००।० |
| १.२ | म्याद थप भएका योजनाको भूक्तानी | | ०।० | ०।० |
| १.३ | लागत साझेदारी | | ५००००००।० | ५००००००।० |
| १.४ | समपुरक /लागत साझेदारी | ०।० | ६०००००००।० | ६०००००००।० |
| १.५ | कन्टीन्जेन्सी खर्च | | २००००००।० | २००००००।० |
| १.६ | केन्द्र विषेश | ०।० | १६४०००००।० | १६४०००००।० |
| १.७ | केन्द्र समपुरक | ०।० | ३०३०००००।० | ३०३०००००।० |
| १.८ | प्रदेश समपुरक | ०।० | १२००००००।० | १२००००००।० |

| | | | | |
|---|---|---|---|---|
| ३ | जनताले लागत सहभागितामा जम्मा गरेको रकम | | ५००००००।० | ५००००००।० |
| १.१० | प्रदेश ससर्त | ०।० | १२००००००।० | १२००००००।० |
| १.११ | मर्मत सम्भार कोष | ०।० | ५००००००।० | ५००००००।० |
| १.१२ | विपद व्यवस्थापन कोष | ०।० | ४००००००।० | ४००००००।० |
| १.१३ | फोहर संकलन केन्द्र निमाण | | ५००००००।० | ५००००००।० |
| १.१४ | आकस्मिक कोष सोध भर्ना | ०।० | ५००००००।० | ५००००००।० |
| १.१५ | नगर गौरबका आयोजना | ०।० | ३००५१०००।० | ३००५१०००।० |
| | **क जम्मा** | १६०००००००।० | २०१७५१०००।० | ३६१७५१०००।० |
| २ | **वडा समिति (ख जम्मा)** | २०००००००।० | ११२००००००।० | १३२००००००।० |
| ३ | **विषयगत शाखा** | | | ०।० |
| ३.१ | **विषयगत शाखा ससर्त** | ३०६५०००००।० | १६००००००।० | ३२२५०००००।० |
| ३.२ | **विषयगत शाखा निशर्त** | ९४००००००।० | १७५०००००।० | १११५०००००।० |
| ३.२.१ | स्वास्थ्य शाखा तलव समसेत र चिसापानी अस्पताल | ३७००००००।० | | ३७००००००।० |
| ३.२.२ | शिक्षा यूवा तथा खेलकुद शाखा तथा बर्दघाट प्रज्ञा प्रतिष्ठन तलब समेत | ४०००००००।० | | ४०००००००।० |
| ३.२.३ | कृषि विकास शाखा | ०।० | १०००००००।० | १०००००००।० |
| ३.२.४ | पशुपंक्षी विकास शाखा | ०।० | ७५०००००।० | ७५०००००।० |
| ३.२.५ | भूमि शाखा | २५०००००।० | | २५०००००।० |
| ३.२.६ | लघु उद्यम, सामी, राजश्व | ३००००००।० | | ३००००००।० |
| ३.२.७ | बजार अनुगमन तथा उपभोक्ता हित समेत | १००००००।० | | १००००००।० |
| ३.२.८ | न्यायीक शाखा | २५०००००।० | | २५०००००।० |
| ३.२.९ | सहकारी तथा पन्जीकरण शाखा | १००००००।० | | १००००००।० |
| ३.२.१० | वालमैत्री कार्यक्रम | ५००००००।० | | ५००००००।० |
| ३.२.११ | खानेपानी तथा सरसफाई शाखा | १००००००।० | | १००००००।० |

| | | | | |
|---|---|---|---|---|
| ३.२.१२ | महिला बालबालिका शाखा | ५००००००।० | | ५००००००।० |
| **५** | **कूल जम्मा** | ५८०५०००००।० | ३४७२५१०००।० | ९२७७५१०००।० |
| | सामाजिक सुरक्षा | ३३०००००००।० | ०।० | ३३०००००००।० |

## विषयगत शाखा तथा वडास्तरीय बजेट तर्जुमा मार्गदर्शन आ.व. २०८३।८४

सीमित स्रोत र साधनलाई अधिकतम उपयोग गरी स्थानीय सरकारको आर्थिक सामाजिक विकास गर्ने महत्वपूर्ण दस्तावेजको रुपमा बजेटलाई लिइन्छ । नागरिकहरुको अपेक्षाहरुको तुलनामा हाम्रो स्रोत र साधन सीमित रहेको छ । यो सीमित स्रोत र साधनलाई नागरिकको अधिकतम हित प्रवर्धन गर्ने गरी विनियोजन गर्नु पर्दछ । बजेटको विवेकशील विनियोजन नै आजको आवश्यकता हो ।

**योजना प्राथमिकिकरणका आधारहरु**

- चालु आ.व.का अधुरा आयोजनाहरु
- बर्दघाट नगरपालिकाको ५ वर्षे आवधिक योजना र मध्यकालिन संरचनमा उल्लेखित योजनाहरु
- श्रममुलक प्रविधिमा आधारित, उत्पादनमूलक र स्थानीय स्तरमा रोजगारी र आम्दानी अभिवृद्धि गर्न सहयोग पुर्याउने योजनाहरु
- स्थानीय श्रोत, साधन, सीपको अधिकतम प्रयोगबाट छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु
- स्थानीय सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने र कम लागत लाग्ने योजनाहरु
- स्थानीय मजदुर, कृषक, महिला, सिमान्तीकृत वर्ग र पिछडिएको क्षेत्रलाई. फाइदा पुग्ने योजनाहरु
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवद्र्धन र विपद् व्यवस्थापनमा सहयोग पुग्ने योजनाहरु
- प्राथमिकीकरणको सूचक निर्धारण यसैसाथ संलग्न गरिएकोछ ।

**क) वडागत वजेट बाँडफाँटका सूचकहरु:**

- हामीले वडा कार्यालयहरुको संस्थागत विकास गरी कानूनले दिएका जिम्मेवारी वडा तहबाट सम्पादन गर्ने दृष्टकोणका साथ कामहरु अगाडि बढाई रहेका छौ । तदअनुसार देहायका सूचकका आधारमा वडागत बजेटको सिलिङ्ग तय गरिएको छ ।
- जनसंख्या, भूगोल, राजस्व परिचालनको अवस्था, वडाको खर्चको आवश्यकता र औचित्यता, सामाजिक सांस्कृतिक विविधता मानव विकासको अवस्था लगायतका विषयहरु समेटिएका छन्।

**ख) वडास्तरीय योजना तर्जुमा सम्बन्धी मार्गदर्शन/वस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्नुपर्दछ ।**

- वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने वडा सदस्यहरुलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी बाँडफाँड गर्ने,
- प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउने,
- बस्तीतहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था मिलाउने

- टोल/वस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल, वस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु (सहकारी, टोल विकास संस्था, आमा समूह, वाल क्लव/सञ्जाल, युवा क्लव, गैसस, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह) लाई पनि सहभागी गराउनु पर्नेछ

**योजना तर्जुमा गर्दा देहाय बमोजिमका आयोजनाहरुलाई प्राथमिकता दिने ।**

**१. आर्थिक विकास सम्बन्धी ( कृषि, खाद्यशुरक्षा र सिचाई, पशुसेवा, पर्यटन तथा संस्कृति , उद्योग व्यापापर तथा व्यावसाय, भूमि व्यवस्था वैंक, वित्तिय तथा सहकारी, श्रम रोजगारी तथा गरिवी निवारण :२५ प्रतिशत**

- **कृषि, खाद्यसुरक्षा र सिचाई :** कृषक समूह, कृषि सहकारी, कृषि विउविजन, नक्ष, मलखादलाई टेवा पुऱ्याउने । हाट वजारको पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रमहरु । कृषक क्षमता विकास तथा छाडा चौपाय नियन्त्रण कार्यक्रम, प्राङ्गारिक खेती तथा मलको प्रवद्र्धन । कृषि सहकारीसँगको सहकार्यमा सामुदायिक बिउबिजन प्रशोधन तथा वितरण कार्य गर्ने । तरकारी खेती, मत्स्यपालन, पुष्प व्यवसाय, मौरीपालन तथा च्याउ खेतीमा युवाहरूलाई आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालनमा लागत सहभागिताको आधारमा संचालन गरिने कार्यक्रम, वडा भित्रका उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने कार्यक्रम । कृषिको प्रर्वद्धन हुने खालको, आयमूलक र स्वरोजगारमूलक सिर्जना हुने खालका कार्यक्रमहरु, सीमान्तकृत समुदायको आर्थिक अवस्था सुधारका लागि सहकारीमा आवद्वता र वित्तीय साक्षरता कार्यक्रम । कृषियोग्य जमीन सिंचित हुने कार्यक्रम : इनार, ट्युवेल, भूमिगत सिँचाइका लागत साभेदारीमा आधारित लगायत नयाँ प्रविधिमा आधारित अन्य सिँचाइ कार्यक्रम, नदी उकास क्षेत्रको संरक्षण ।
- **पशुपंक्षी सेवाः** गाई, भैंसी, बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रम गरी उन्नत नक्षका पशुहरूको सङ्ख्यामा वृद्धि गर्ने कार्यक्रम । गाई/भैंसी/पाडा/पाडी बाच्छी पालन तथा संरक्षण कार्यक्रममा सहयोग पुऱ्याउने । पशुनक्ष सुधार कार्यक्रमलाई टेवा पुऱ्याउने ।
- **पर्यटन तथा संस्कृति** स्थानीय तथा ग्रामीण पर्यटन प्रवर्धन कार्यक्रम । थारु, मगर, गुरुङ्ग लगायतका संस्कृतिमा आधारित पर्यटन प्रवर्धनका कार्यक्रमहरु । धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण र सर्वद्धन गर्ने कार्यक्रम । मौलिक संस्कृतिहरूको जगेर्ना गर्दै सांस्कृतिक पर्यटनको प्रर्वद्धन गर्ने कार्यक्रम । वडास्तरीय भाषा संस्कृति संरक्षण र प्रर्वद्धन,
- **उद्योग व्यापापर तथा व्यावसाय** स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रवर्धन गर्न सिपमुलक तालिमको व्यवस्था गरी उत्पादिन वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने
  - **भूमि व्यवस्था वैंक वित्तिय तथा सहकारी**
  - **श्रम रोजगारी तथा गरिवी निवारण**

**२. सामाजिक क्षेत्र संग सम्बन्धित ( शिक्षा विज्ञान कला भाषा तथा साहित्य, स्वास्थ्य र पोषण, खानेपानी, सरसरफाई तथा स्वच्छता, महिला बालबालिका र लक्षित बर्ग (समावेशी विकास विकास), युवा तथा खेलकुद**

**: २५ प्रतिशत**

- **शिक्षा विज्ञान कला भाषा तथा साहित्य :** हाम्रो विद्यालयको सुन्दरता र सरसफाईका लागि हरेक दिन मेरो दुई मिनेट अभियानलाई सहयोग पुर्याउने कार्यक्रम । विद्यालय शिक्षा सुधार अभियानलाई टेवा पुर्याउने कार्यक्रम । प्रारम्भिक बालशिक्षालाई व्यवस्थित रूपमा सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री,

व्यवस्थित कक्षा कोठाको निर्माण । सामुदायिक विद्यालयहरुका पूर्वाधार तथा ईसिडि कक्षा व्यवस्थापन र स्थानीय स्रोत समेत परिचालन गरी विद्यालय तारवार कार्यक्रम । स्थानीय स्रोत सहितको विद्यार्थी भर्ना अभियानलाई टेवा पुर्याउने कार्यक्रम । शिक्षकहरुको क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम । सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्दि गर्न सुरक्षित भवन, पर्यास फर्निचर, पुस्तकालय, शैक्षिक तथा खेलकुदका सामाग्री, प्रयोगशाला, शुद्द खानेपानी, छात्र-छात्राको लागी अलग अलग शौचालय, सरसफाई, इन्टरनेट, कम्प्युटर, पुराना भवन मर्मत तथा रंग रोगनमा विनियोजन गर्ने

- **स्वास्थ्य तथा पोषण :** आधारभूत स्वास्थ्य सेवा संचालनमा सहयोग पुर्याउने कार्यक्रम । जनस्वास्थ्य सेवाको प्रवर्धन कार्यक्रम । आधारभूत ल्याब संचालन र व्यवस्थापनमा सहयोग पुग्ने कार्यक्रम । स्वास्थ्य संस्थाहरुको आधारभूत क्षमता अभिवृद्धि र संस्थागत विकास कार्यक्रम । किशोर किशोरीहरूलाई साथी शिक्षा (Peer education), प्रजनन स्वास्थ्य र यौनसम्बन्धी विषयहरूमा चेतना अभिवृद्धि गरी सभ्य र सुरक्षित व्यवहार प्रर्वद्धन गर्ने कार्यक्रम ।पोषण र खानपान सम्बन्धि सचेतना कार्यक्रम ।
- **खानेपानी, सरसरफाई तथा स्वच्छता** सरसफाई सचेतनाको अभिबृद्धि र फोहोरमैलाको व्यवस्थापन (फोहोरमैला संकलन पुनःउपभोग प्रशोधन र विसर्जनलाई टेवा पुर्याउने खालका (यस्ता कार्यक्रम प्रस्ताव गर्दा गल्ने र नगल्ने फोहोरलाई छुट्टिने कुराको सुनिश्चित हुने पर्ने । नगरपालिकाले अभियानात्मक रुपमा अगाडि सारेका कार्यक्रम नगर सरसफाई र हरियाली प्रर्वद्धन, गल्ने फोहोर नगल्ने फोहोर व्यवस्थापन, टोल विकास संस्थाको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम प्राथमिकतामा राख्ने ।
- **महिला बालबालिका र लक्षित बर्ग (समावेशी विकास विकास) : बाल मैत्री स्थानीय शासनस कार्यक्रमलाई कम्तिमा ३ लाख बजेट सूनिश्चित गर्ने**, जेष्ठ नागरिक क्लव, भेटघाट स्थलको निर्माण, संरक्षण, व्यवस्थापन, बाल अपांग तथा जेष्ठ नागरिकमैत्री पार्क र सेवाकेन्द्र निर्माणका आयोजनाहरु, महिला, बालबालिका, आदिवासी, जनजाती, दलित तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने र रोजगार सिर्जना गर्ने, क्षमता अभिवृद्धि हुने । बालबिवाह बहुविवाह लैङ्गिक हिँसा छुवाछुत दाइजो बालश्रम मानव वेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गराउने कार्यक्रम । महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण रोकथाम नियन्त्रण र व्यवस्थापन ।
- **युवा तथा खेलकुद** खेलकुद संरचनाको पूर्वाधार निर्माण संचालन र विकास गर्ने खालका योजनाहरुलाई आवश्यकताको आधारमा समेटन सकिने ।

**३. पुर्वाधार विकास ( आवास, भवन तथा बस्ती विकास सडक, पुल तथा यातायात,जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा, सूचना तथा सञ्चार प्रविधि) : ४० प्रतिशत**

- **आवास, भवन तथा बस्ती विकास** वडा कार्यालय, स्वास्थ्य संस्था मर्मत सम्भारका कार्यक्रम, एउटै वडामा २ वटा भन्दा वढी सामुदायिक भवनमा लगानी नगर्ने ।
- **सडक, पुल तथा यातायात** वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, कृषि/पशु सेवा केन्द्र, साप्ताहिक हाटबजार संग जोडिएका सडकलाई स्तरोन्नती गर्न प्राथमिकता दिने, सडक निर्माण गर्दा जग्गा वर्गिकरण प्रतिवेदनमा आवासीय क्षेत्रको रुपमा पहिचान भएका क्षेत्रका सडक तथा नक्सा अनुसारको सडक तथा ६ मी भन्दा वढी चौडाईको सडकमा मात्र बजेट विनियोजन गर्ने, नापी नक्सामा भएका कूलो, राजकूलो खोल्सा खोला पोखरी इत्यादी सार्वजनिक स्थल जनाईएका स्थानबाट बाटो निर्माण गर्न बजेटको व्यवस्था

नगर्ने । सडकमा झरेको पहिरो हटाउने, नाला तथा संरचना निर्माण तथा मर्मत, ह्युम पाइप तथा बक्स कल्भर्ट , खाल्डा खुल्डी पुर्ने तथा साइडवाल तथा नाला निर्माण

- **जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा** वायोग्यास, विद्युतीय चुल्हो, सुधारिएको चुल्हो र सौर्य उर्जा प्रवर्द्धन, सडक बत्ती जडान विद्युत लाइन विस्तार, क्षमता स्तरोन्नति, विद्युत उपयोग विस्तार, पहिरो संरक्षण, गल्छी खोला तथा खोल्सा क्षेत्र वरपर वृक्षरोपण, बर्षातको पानीलाई संकलनका लागि १ वटा रिचार्ज पोखरी निर्माण
- **सूचना तथा सञ्चार प्रविधि** सूचना प्रविधिमैत्री सेवा प्रवाह, सफ्टवयर र सूचना व्यवस्थापन प्रणाली तथा उपकरण खरिद र सञ्चालन, विद्यालय र स्वास्थ्य संस्थामा सूचना प्रविधि जडान र सञ्चालन, जिआइएस नक्शाकन सञ्चालन, विद्युतीय हाजिरी प्रणाली, डिजिटल प्रोफाइल तयारी तथा अद्यावधीकरण, डिजिटल वडापत्र, सूचना प्रविधि सम्बन्धी क्षमता विकास कार्यक्रम

४. **वन तथा वातावरण विकास (वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण, वातावरण तथा फोहोरमैला व्यवस्थापन, विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन) : ५ प्रतिशत**

- **वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण** पहिरोग्रस्त तथा संवेदनशील क्षेत्रमा वृक्षरोपण, आकासे पानी संकलन तथा जलपुनर्भरण पोखरी निर्माण, गल्छी, खहरे तथा पहिरो नियन्त्रण, बाँध तथा तटबन्ध निर्माण, वायोइञ्जिनियरिङ तथा विकासका पूर्वाधार संरक्षण, जलउत्पन्न प्रकोप नियन्त्रण ।
- **वातावरण तथा फोहोरमैला व्यवस्थापन**फोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतना तथा क्षमता विकास, फोहोरमैलाको स्रोतमा वर्गीकरण, पुनप्रयोग कम्पोष्टिङ, फोहोरमैला संकलन विन वितरणप्लाष्टिक झोला निरूत्साहत र वैकल्पिक प्रयोग तथा प्लाष्टिक र शिशाजन्य सामाग्री प्रयोग न्यूनीकरण, जलाउने कार्य निरूत्साहन अभियान, वातावरणमैत्री स्थानीय शासन कार्यक्रम, स्थानीय आयोजनाको वातावरणीय अध्ययन, वातावरण सम्बन्धी सचेतना कार्यक्रम,
- **विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन**स्थानीय अनुकुलन योजना तर्जुमा र कार्यान्वयन, बस्ती र टोल, संरक्षण शिक्षा तथा सचेतना, पोखरी निर्माण तथा संरक्षण, जोखिम क्षेत्रमा रहेका संरचनालाई संरक्षण गर्न वायोइञ्जिनियरिङ संरचना निर्माण

५. **संस्थागत विकास र सुशासन (नीति कानुन, न्याय र प्रशासन, संगठन, मानव संशाधन राजश्व तथा श्रोत परिचालन र योजना र विकास व्यवस्थापन ) : ५ प्रतिशत**

- **नीति कानुन, न्याय र प्रशासन**नीति कार्यक्रम तथा बजेट सार्वजनीकरण, सुशासन तथा जवाफदेहिता प्रवर्द्धन कार्यक्रम, नीति, कानून, कार्यविधि ,मापदण्ड तर्जुमा प्रकाशन ,स्थानीय विवादको मेलमिलाप तथा निरुपण,न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,सुशासन तथा जवाफदेहिता प्रवर्द्धन
- **संगठन, मानव संशाधन र सेवा प्रवाह** सामाजिक परिक्षण, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन,प्रहोत्साहन तथा पुरस्कार,नागरिक समाज क्षमता विकास, नगर प्रहरी गठन
- **राजश्व तथा श्रोत परिचालन** अनलाइन राजश्व भुक्तानी प्रणाली, राजश्व सुधारका लागी नागरिक सचेतना कार्यक्रम,
- **योजना र विकास व्यवस्थापन** उत्कृष्ट उपभोक्ता समिति सम्मान तथा प्रोत्साहन कार्यक्रम

अन्त्यमा :

१. विगतका अधुरा योजनालाई सम्पन्न गर्नको लागि प्राथमिकता दिने ।
२. अधिकतम लागत सहभागिता जुट्ने खालका आयोजनाहरुलाई प्राथमिकता दिने ।
३. एक आ.व. मा सम्पन्न हुने खालका आयोजनाहरुलाई प्राथमिकता दिने ।
४. कृषिको प्रर्वद्धन हुने खालको, आयमूलक र स्वरोजगारमूलक सिर्जना हुन खालका ।
५. वन वातावरण संरक्षण र सम्वर्धन गर्ने खालको, न.पा. को आर्थिक र प्राविधिक क्षमताले गर्न सक्ने खालको, आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने योजनाहरुको सुरुमा नै ल.ई. तयार गरी ल.ई. का आधारमा वजेट विनियोजनको व्यवस्था गर्ने ।
६. पूर्वाधारका योजनाहरु छनोट गर्दा ५ लाख भन्दा कम लागतका आयोजना छनोट नगर्ने । ५० लाख बजेट सिलिङ्ग प्राप्त गर्ने वडाले कम्तिमा १० लाखको, १ करोड सम्म बजेट सिलिङ्ग हुने वडाले कम्तिमा १५ लाखको र १ करोड भन्दा माथी बजेट सिलिङ्ग हुने वडाले कम्तिमा २० लाखको वडा गौरबको योजना छनोट गर्ने यस्तो वडा गौरबको योजनालाई नगरले समेत थप बजेट उपलव्ध गराउने। साना मर्मत सम्हार र आकस्मिक कोषको रुपमा प्रत्येक वडाले २ देखी ५ लाख बजेट व्यवस्था गर्ने । बालमैत्री स्थानीय शासन कार्यक्रमको लागि प्रत्येक वडाले कम्तिमा रु ३ लाख अनिवार्य रुपमा विनियोजन गर्नु पर्ने साथै वाल मैत्री घोषणाको लागि नपुग रकम नगरपालिकाबाट उपलव्ध हुने
७. कुनै पनि योजना तथा कार्यक्रम प्रस्ताव गर्दा दिगो विकास लक्ष्य, आवधिक योजना, नगरपालिकाको नीति कार्यक्रमलाई सघाउ पुग्ने गरी प्रस्ताव गर्नुपर्ने साथै उक्त योजना\कार्यक्रमको उद्देश्य, दिगोपना, प्रतिफल, असर तथा प्रभावजस्ता विषयबस्तुको विश्लेषण सहित प्राथमिकिकरण गरेर पठाउनुपर्नेछ ।

- **खर्च गर्न निषेध गरिएका कार्यक्रम** : चन्दा, पुरस्कार, पत्रपत्रीकामा शुभकामना लगायत काम वेगरका विज्ञापन, क्यालेण्डर छपाई, विभिन्न प्रकारका अवलोकन भ्रमण, वितरणमुखी कार्यक्रमहरु र शिक्षकको तलव भत्तामा रकम विनियोजन नगर्ने । ।
- **योजनासँग पठाउनु पर्ने कागजातहरु** : नगरपालिकाले उपलब्ध गराएको ढाँचामा तयार गरी सम्बन्धित वडा अध्यक्षले प्रमाणित गरेको कभरिङ्ग लेटर र वडा समितिको बैठकको निर्णय । टोल विकास समितिहरुको उपस्थिति सहित वृहत भेलाको माईन्यूट ।

- **योजना पेश गर्दा देहायको ढाँचामा पेश गर्नु पर्नेछ ।**

| योजना क्रम संख्या | कार्यक्रम\आयोजनाको नाम | कार्यक्रम\आयोजनाको उद्देश्य, प्रतिफल, असर, प्रभाव | दिगो विकास लक्ष्य कोडिङ्ग( SDG Coding) {लक्ष्य १ देखि १७ कुन कुन लक्ष्य संग सम्बन्धित छ, उल्लेख गर्ने } कुनै एक योजना रकमका बढी लक्ष्यसँग सम्बन्धित हुनसक्ने | लैंगिक उत्तरदायी बजेट कोडिङ्ग( GRB Coding) **{निर्दिष्ट १, सहयोगी २ र तटस्त ३}** | जलबायू कोडिङ्ग **{अत्यन्त सान्दर्भिक १, सान्दर्भिक २ र तटस्त ३}** | योजनाको प्राथमिकता (१,२,३,४) |
|---|---|---|---|---|---|---|
| | | | | | | |

- कार्यक्रम\आयोजना प्राथमिकिकरण गर्दा देहायको सूचकको आधारमा गर्नु पर्ने छ ।

आयोजनाको प्राथमिकताक्रम निर्धारण देहायका सूचकका आधारमा गर्नु पर्नेछ

**निर्णय नं. ११**

- स्थानीय तहलाई प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी सेवालाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरीय बनाउन नगरपालिकाले स्थापना कालदेखि सञ्चालन तथा व्यवस्थापन गर्दै आइरहेको बर्दघाट नगरपालिका वडा नं २ स्थित **चिसापानी अस्पताललाई** नगर अस्पतालको रुपमा **बर्दघाट नगर अस्पताल, बर्दघाट-२ चिसापानी** नामाँकरण गर्ने ।

**निर्णय नं १२ विविध**

क) समृद्ध समुदाय विकास केन्द्र, रुपन्देहीको च. नं. ४४ मिति २०८२/१२/१९ को **"बर्दघाटमा गुणस्तरीय शिक्षा र सक्रिय नागरिकता"** कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने पूर्व स्वीकृति तथा लागत साझेदारीको नीतिगत सुनिश्चितताका लागि पेश गरेको प्रस्तावना स्वीकृत गरी कार्यक्रम कार्यान्वयन गर्न सहमति प्रदान गर्ने ।

ख) बर्दघाट नगरपालिका क्षेत्रभित्र रहेका घरधुरी सर्वेक्षणमा खटिने तथ्याङ्क संकलकले भर्ने फारमहरुको दररेट प्रति फारम रु ३०/- (रुपैया तीस मात्र) रकम कायम गर्ने ।

ग) बर्दघाट नगरपालिकामा जडान भई सञ्चालनहुदै आइरहेको **योजना सञ्चालन सम्बन्धी PMIS web Based Online Software जडान तथा अपडेट कार्य**को रकम रु १,९७,७५०/-(रुपैया एक लाख सन्तानव्वे हजार सात सय पचास मात्र) श्री मालिका इन्फोसिस सर्भिसेस प्रा.लि. काठमाण्डौलाई भुक्तानी दिने ।

घ) बर्दघाट नगरपालिका वडा नं.२ स्थित मंगलादेवी प्राथमिक विद्यालयमा न्यून विद्यार्थी सङ्ख्या रहेको र उक्त विद्यालयमा जना-१ दरबन्दीमा स्थायी शिक्षक, जना-१ राहत शिक्षक र जना-१ नगर अनुदानमा बालबिकास शिक्षक कार्यरत रहेकोमा शिक्षक विद्यार्थीको अनुपात विश्लेषण गर्दा त्यस विद्यालयको प्राथमिक तहको दरबन्दी (सङ्ख्या- १) लाई शिक्षक विद्यार्थीको अनुपातमा न्युन शिक्षक रहेको श्री आनन्द आधारभूत विद्यालय, बर्दघाट-१५ मा स्थानान्तरण गर्ने।

ङ) वादी बर्दघाट नगरपालिका वडा नं १२ बस्ने राजनारायण कहारले प्रतिवादी ऐ. ऐ. बस्ने भिमबहादुर चौधरी र शिवनारायण थारुसमेत जना-२ विरुद्ध जग्गा खिचलो गरेको उजुरीको सम्बन्धमा नगरस्तरीय मेलमिलाप समितिमा मिति २०८२/१२/१० मा भएको सहमति प्रतिवादीबाट कार्यान्वयन नभएकोले कार्यान्वयनकोलागि कार्यपालिकामा पठाउने भनि न्यायिक समितिको मिति २०८३/०१/१५ मा निर्णय भएकोले उक्त सहमति कार्यान्वयन गर्ने ।

च) बर्दघाट नगरपालिकामा कार्यरत नगर प्रहरीहरुलाई **"बर्दघाट नगरपालिकाको नगर प्रहरीको गठन सञ्चालन तथा व्यवस्थापन ऐन, २०८२"** को दफा ३ मा उल्लेख भएको तह बमोजिमको पद समायोजन गर्ने ।

| क्र.सं. | आयोजनाको नाम | गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने २०) (अंक | उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (अंक १५) | आम्दानी र रोजगार बढ्ने (१५अंक) | लागत सहभागिता जुट्ने (अंक १५) | स्थानीय श्रोत साधन र सीपको प्रयोग (१० अंक) | समावेशी विकासमा योगदान १०) (अंक | दीगो विकास र वातावरणीय संरक्षण (१० अंक) | स्थानीय भाषिक, सांस्कृतिक विकास (अंक ५) | कुल प्राप्ताङ्क (१००) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |

ायोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्दा सवैभन्दा बढी अंक प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ।

| **क्र..स.** | **अंक भार** | **प्राथमिकता नं.** |
|---|---|---|
| १ | ८० अंक भन्दा बढी प्राप्त भएमा | १ |
| २ | ६० देखि ८० अंक प्राप्त भएमा | २ |
| ३ | ६० अंक भन्दा कम प्राप्त भएमा | ३ |
| ४ | ५० अंक भन्दा कम प्राप्त भएमा | न्यून प्राथमिकता |

नोटः यसरी योजना छनौट गर्दा पहिलो प्राथमिकतामा परेको योजनाहरु छनौट गर्ने। रकम उपलब्ध भएसम्म प्राथमिकता २ र ३ स्वीकृत गर्न सक्नेछ